# अध्याय एक

# शोध परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

भाषा मानवीय विचार आदान प्रदानको सशक्त माध्यम हो । भाषाविनाकोमानव समाजको परिकल्पना गर्न सकिदैन । यसैले भाषा मानवीय र सामाजिक वस्तु भएकालेयसको प्रयोग मानव समाजमा हुन्छ । भाषालाई मानवीय बोली र सम्प्रेषणात्मक माध्यमको रूपमा लिइन्छ । भाषालाई क्रमिक रूपमा विकसित गराई अगाडि बढाउन भाषिक सिपहरूको आवश्यकता पर्दछ । भाषिक सिपअन्तर्गत सुनाइ, बोलाइ, पढाइ, लेखाइ पर्दछन् । भाषाका सिपहरूमध्ये लेखाइ सिपलाई महत्त्वपूर्ण सिपको रूपमा लिइन्छ । भाषिक सिपअन्तर्गतकायी चार सिपमध्ये लेखाइ सिपले भाषालाई जीवन्त तुल्याउन मद्दत गर्दछ ।

वर्तमान समयमा लिखित तथा सिर्जनात्मक क्षमताको विकास गराउने उद्देश्यले तल्लो तहदेखि माथिल्लो तहसम्म नै लेखन कार्यमाजोड दिइएको पाइन्छ । यसरी लेखन कार्यलाई जोड दिने क्रममा शिक्षण पाठयक्रमहरूमा कथा, कविता, निबन्ध, प्रबन्ध, अनुच्छेद, चिठी, मनोवाद आदि लेखन अभिव्यक्तिलाई महत्त्व दिइरहेको परिप्रेक्ष्यमा लेखाइ सिपकोमहत्त्वपूर्ण क्रियाकलापको रूपमा बुँदाटिपोटलाई पनि लिइन्छ ।

कुनै विषय क्षेत्रसंग सम्बन्धित रही नयाँ कुरा पत्ता लगाउन सञ्चालन गरिएको व्यवस्थित र वैज्ञानिक कार्यलाई अनुसन्धान भनिन्छ । नयाँ तथ्य पत्ता लगाउन वा पुरानै तथ्यकोखोजी गर्न अनुसन्धानगरिन्छ । अनुसन्धानकाक्रममाअध्ययन,विश्लेषण र निष्कर्षका सम्पूर्ण चरण र प्रक्रिया पूरा गरिसकेपछि त्यसको व्यवस्थित र संगठन गर्ने कामअनुसन्धान प्रतिवेदन लेखन हुने भएको हुँदा यहाँ 'प्युठान जिल्लाको कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन' शीर्षकमा अनुसन्धान शोधपत्र तयार पारिएको छ ।

कुनै पनि मौखिक वा लिखित अभिव्यक्तिलाई सुनेर वा पढेर त्यसभित्र रहेका मूलभूत कुराहरूलाई बुँदाका रूपमा टिपोट गर्नु बुँदाटिपोट हो । बुँदाटिपोट गर्ने कलाले कुनै पनि कृति वा रचनाको सारतत्त्वको पहिचान गर्न सक्ने सिप वा क्षमताको विकासमा सघाउन मद्दत गर्दछ । त्यसैले लेखाइ सिपका विभिन्न क्रियाकलापहरूमध्ये बुँदाटिपोट पनि महत्त्वपूर्ण

क्रियाकलाप भएको हुँदा कक्षा नौका विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन गर्नु आवश्यक देखिन्छ ।

## १.२ समस्याकथन

शिक्षण सिकाइ एक जटिल कार्य हो । भाषा शिक्षण भनेको भाषाका बारेमा शिक्षण नभई भाषिक सिपहरूको शिक्षण हो । सुनाइ, बोलाइ, पढाइ र लेखाइ भाषाका आधारभूत सिप हुन् । यी चार सिप मध्ये सुनाइ र पढाइ ग्रहणात्मक वा आदानात्मक प्रकृतिका भाषिक सिप हुन् भने बोलाइ र लेखाइ अभिव्यक्ति वा प्रदानात्मक प्रकृतिका सिप हुन् । यी चारवटै सिप एक अर्कासँग अन्तर्सम्बन्धित रहन्छन्।

भाषाका चार वटा सिपहरूमध्ये पढाइ र लेखाइ गहन सिप हुन् । लेखाइ सिपबाट विचार र भावनाहरूलाई सङ्ग्रह गरेर कालान्तरसम्म राख्न सकिन्छ । लिखित भाषाबाटै मानवले ज्ञानविज्ञानका क्षेत्रबाट उपलब्ध गरेका प्राप्ति र उपादेयतालाईसुरक्षित गरेर राख्न सकिन्छ । त्यसैले माध्यमिक तहको भाषा पाठयक्रममाकृति, समीक्षा (कथा,कविता, निबन्ध,रूपक, जीवनी) व्याकरण, पठनबोध र अभिव्यक्ति जस्ता शीर्षकका माध्यमबाट लेखन सिपको विकास गराउनु पर्दछ । यसरी तल्लो तहदेखि नै लेखन क्रियाकलापमा अभ्यास गराउदै लगियो भने लेखाइ सिपमा सुधार भई उच्च शिक्षाका लागि सहयोग मिल्दछ । यस कारण विद्यालयमा विद्यार्थीहरूको स्तर अनुरूप कुनै अनुच्छेदहरू दिएर अभ्यासात्मक कार्यकलाप गराई लेखाइ सिप विकास गर्न प्रयत्न गर्नु पर्दछ ।

विद्यालय तहमा लेखाइ सिपको विकास गराउन बुँदाटिपोट कार्य महत्त्वपूर्ण मानिन्छ ।कुनै पनि कथन वा लिखितका मुख्य-मुख्य कुरा पहिल्याएर सङ्ख्यात्मक रूपमा लेख्नु नै बुँदाटिपोट हो । यस्तो लेखनकार्यलाई बुँदात्मक लेखन भनिन्छ । आफूले पढेका, सुनेका,अनुभव गरेका कुरा सुरक्षित राख्न, कुनै व्यक्तिले बोलेका कुरा टिप्न,लिखित वा मौखिक अभिव्यक्तिका मुख्य र गौण कुरा छुट्याउन, आफूले कुनै लेखरचना, पुस्तक आदि लेखनका पूर्वयोजना गर्न बुँदाटिपोट महत्त्वपूर्ण मानिन्छ । त्यसैले प्रस्तुत अध्ययनले कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको स्थिति के कस्तो छ भन्ने कुरालाई मुख्य समस्याका रूपमा लिइएको छ । समग्रमा यसका समस्याहरू निम्नअनुसार छन् ।

(क) प्युठान जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट लेखन क्षमता केकस्तो छ ?

(ख) लैङ्गिकताका आधारमा विद्यार्थीहरूको बुँदाटिपोटक्षमताको स्थिति के कस्तो छ ?

(ग) विद्यालयको प्रकृतिको आधारमा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताकोस्थिति केकस्तो छ ?

## १.३ अध्ययनको उद्देश्य

प्रस्तुत शोधकार्यको उद्देश्यहरू निम्नलिखित रहेका छन्:

क. प्युठानजिल्लाकाकक्षानौमाअध्ययनरतविद्यार्थीहरूका बुँदाटिपोटक्षमताको समग्र विश्लेषण गर्नु,

ख. विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तुलनात्मकअध्ययन गर्नु,

ग. लैङ्गिकताका आधारमा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तुलनात्मक अध्ययन गर्नु,

## १.४ अध्ययनको सान्दर्भिकता र उपादेयता

हरेक विषयको आ-आफ्नै औचित्य र महत्त्व रहेको हुन्छ ।त्यसमापनि लेखाइ सिपका लागि प्रमुख क्रियाकलापका रूपमा रहने बुँदाटिपोट लेखन प्रक्रियाको आफ्नै महत्त्व रहेको छ । लेखाइ सिपको शिक्षण आफैमा जटिल विषय हो । विद्यार्थीहरूमा लेखाइ सिप विकास गर्न तथा लेखाइमा स्थिरता कायम राख्न विद्यालयका प्रारम्भिक कक्षाहरूमाविभिन्न लेखाइ सम्बद्ध क्रियाकलापमा संलग्नगराइन्छ । कुनै मौखिक वा लिखित कुराहरू सुनेर वा पढेर तिनमा भएका मुख्य मुख्य कुराहरू टिप्ने काम हो । यसले गर्दा विद्यार्थीमा कुनै पनि कुरको सिलसिलेवार, क्रमबद्ध, स्पष्ट, संक्षिप्त र असमापिका क्रियाको प्रयोग गर्न सक्ने हुन्छन् । यस्ता कुराहरूले विद्यार्थीहरूको बुँदाटिपोट क्षमतासम्बन्धी कुनै अनुसन्धान हुनु जरुरी देखिन्छ । त्यसैले प्युठान जिल्ला कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमता सम्बन्धीअनुसन्धान नभएको अवस्थामा प्रस्तुत अध्ययन अनुसन्धानको औचित्यस्वतःस्पष्टरहेको छ । माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरूले मुख्य कुराहरू अथवा सारवस्तुहरू टिप्न वा लेख्न सक्ने क्षमताको पहिचान गरि आवश्यक परामर्श दिने हेतुले प्रस्तुत अध्ययनलाई परिभाषित गरिएको छ ।

प्रस्तुत शोध मार्फत विद्यालयको प्रकृति, विद्यार्थीको लैङ्गिकता जस्ता पक्षमा जोड दिई बुँदाटिपोट क्षमताको तुलनात्मक अध्ययन गरिने साथै आवश्यक सुझाव समेत प्रस्तुत गरिने भएकाले सम्बन्धित विषयसँग सम्बन्धित सबैलाई यस अध्ययनबाट सहयोग प्राप्त हुने अपेक्षा राखिएको छ । यसले शिक्षण सिकाइ विधिलाई सुधार गर्न र समयसँगै पाठ्यक्रमलाई सुधार वा परिमार्जन गर्दै लैजाने सन्दर्भमा प्रस्तुत अध्ययनले सहयोगप्रदान गर्ने विश्वास गरिएको छ । साथै अन्य अनुसन्धाकर्ताहरूको लागि सन्दर्भ सामग्रीको रूपमामा समेत उपयोगी हुने भएकाले यस अध्ययनको औचित्यठहर्नेछ ।

## १.५. अध्ययनको सीमा

कुनै पनि अनुसन्धानलाई व्यवस्थित रूपले अगाडि बढाउन निश्चत सीमा तथा क्षेत्रहरू निर्धारण गर्नुपर्ने हुन्छ । कुनै पनि अध्ययनको क्षेत्र व्यापक हुन्छ । अध्ययनलाई व्यापक क्षेत्रमा अगाडि बढाउन खोजेमा सत्य तथ्यपूर्ण र प्रभावकारी ढङ्गले अनुसन्धान गर्न नसकिने हुन सक्छ ।जुन भौगोलिक विषमता,समय जस्ता कारणले पुरा हुन सक्दैन । यसकारणअनुसन्धान कार्यलाइ प्रभावकारी एवं तथ्यपूर्ण तरिकाले अगाडि बढाउन अध्ययनकोक्षेत्रलाई सीमित गर्नुपर्ने हुन्छ । त्यसैले यस शोधपत्रको पनि निम्नानुसारसीमा रहेको छ :

१ प्युठान जिल्लाका कक्षा नौमाअध्ययनरत विद्यार्थीहरूमा मात्र सीमित रहेको छ ।

२ प्युठान जिल्लाका दुई सामुदायिक विद्यालय र दुई संस्थागत विद्यालय गरी जम्मा ४वटा विद्यालयमा सीमित गरिएको छ ।

३ उक्त विद्यालयहरूमा कक्षा नौमा अध्ययनरत छात्र र छात्रा विद्यार्थीहरूको अनुपात समान रहने गरी २०/२० जनाका दरले ८० जना विद्यार्थीहरूमा मात्र सीमित रहेको छ ।

४ प्रस्तुत अध्ययनमा ८० जना विद्यार्थीहरूको परीक्षणबाट प्राप्त तथ्याङ्कलाई मध्यमान र प्रतिशतका आधारमा मात्र विश्लेषण गरिएको छ ।

५ प्रस्तुत शोधकार्यका लागि सङ्कलित तथ्याङ्कलाई लैङ्गिकता,र विद्यालयको प्रकृतिको आधारमा मात्र विश्लेषण गरिएको छ ।

## १.६शोधको रूपरेखा

अध्याय एक : शोधको परिचय

अध्याय दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक परिचय

अध्याय तिन : अध्ययन विधि र प्रक्रिया

अध्याय चार : परिणाम, छलफल र विश्लेषण

अध्याय पाँच : सारांश,निष्कर्ष रउपयोगिता

सन्दर्भ सामाग्री

परिशिष्ट

व्यक्तिवृत्त

# अध्याय दुई

# पूर्वकार्यको समीक्षा र सैद्धान्तिक परिचय

## २.१ पूर्वकार्यकोसमीक्षा

कुनै पनि कार्य थाल्नु भन्दा अगाडि त्यस कार्य वा विषयसँग सम्बन्धित पहिले नै भइसकेका खोज अनुसन्धान कार्यहरूको समीक्षा गर्नु पूर्वकार्यको समीक्षा हो । पूर्वकार्यको समीक्षाबाट सम्बन्धित विषयवस्तु वा शीर्षकमा के कस्ता शोधकार्यहरू भएका छन्, र हुन बाँकी छन् ?भएका अनुसन्धानहरूको उद्देश्य र निष्कर्षहरूके कति समय सापेक्ष छन् ? आदि पक्षको सूक्ष्म अध्ययन अनुसन्धान गरी प्रस्तुत शोधकार्यलाईअगाडि बढाउँदा सहीमार्गमा पुऱ्याउन सहयोग गर्दछ । साथै यस्ता विगतमा भएका अध्ययन अनुसन्धानहरूबाट भावी अनुसन्धानकर्तालाई समेत सहजता मिल्दछ । वर्तमानले भविष्यलाई सङ्केतगरेझैं पूर्वकार्यको अध्ययन र अनुभवले वर्तमानमा गर्न लागेका अनुसन्धानलाई गतिशिल बनाउन मद्दत गर्दछ ।

प्रस्तुत शोधपत्र प्युठान जिल्लाको कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोटक्षमताकोअध्ययनशीर्षकसँग सम्बन्धित पूर्व अध्ययन भएको त्यति पाइँदैन। लेखाइ सिपसँगसम्बन्धितशीर्षकमाविभिन्नपूर्व अनुसन्धान भएको पाइन्छ। हालसम्मभएका अध्ययनहरूमा बुँदाटिपोट जस्ता लेखाइ सिपसँग सम्बन्धितपक्षका बारेमासम्बोधन गरिएको छैन । त्यसैले अनुसन्धानका लागि प्रस्तावितबुँदाटिपोट क्षमताको .अध्ययन शीर्षक उपयुक्त ठानिएको छ । यस शीर्षकसँग सम्बन्धितअनुसन्धाननभए पनिलेखनसिपसँग सम्बन्धित केही शोधकार्यहरूले यस अनुसन्धानमा विभिन्न किसिमका जानकारीहरूउपलब्ध गराउन सहयोग गर्ने र त्यस्ता अनुसन्धानहरूबाट प्राप्त निष्कर्षलाई समेत यहाँ पूर्वकार्यको समीक्षाका रूपमा प्राप्त गर्न सान्दर्भिक ठानिएको छ । साथै विभिन्न विद्वान्हरूद्वाराविद्यालय तथा विश्वविद्यालय तहका लागि तयार पारिएका पाठ्यसामाग्री तथा पूर्व अनुसन्धानका केही निष्कर्षहरूलाई आधार मानी तयार पारिएका सम्बन्धित पाठ्यांशहरूको संक्षिप्त चर्चा गरिएकोछ।

## २.१.१ पुस्तक समीक्षा

पराजुली र श्रेष्ठ (२०६५)को सह लेखनमा तयार पारिएको **अनिवार्यनेपाली**नामक पुस्तक उच्च माध्यमिक तहमा नेपालीव्याकरण, बोध अभिव्यक्ति र साहित्य शिक्षणगर्नका लागि उपयोगी मानिएको छ । यस पुस्तकमा बुँदाटिपोटकोपरिचय, बुँदाटिपोट गर्ने तरिका उल्लेख गर्नुका साथै बुँदाटिपोटको नमुना सम्बन्धी चर्चा गरिएको छ ।

ज्ञवाली र ज्ञवाली (२०६५) को **शैक्षिक तथा सिर्जनात्मक लेखन** नामक पुस्तकमा सिर्जनात्मक लेखनका लागि निकै उपयोगी मानिएको छ । जसमा लेखन सिप विकासको लागी विभिन्न विधाको बारेमा जाकारी दिइएको छ । उक्त पस्तकमा बुँदाटिपोट सम्बन्धी परिभाषा, बुँदाटिपोटको प्रयोजन गर्ने तरिका जस्ता कुराको चर्चा गरिएको छ । उक्त पुस्तकमा बुँदाटिपोट गर्दा टिपिएका बुँदाहरूमा संक्षिप्तता,पूर्णता, स्पष्टता, क्रमबद्वता, मौलिकता जस्ता विशेषताहरू स्पष्ट रूपमा हुनुपर्ने कुरामा जोड दिइएको छ ।

शर्मा र पौडेल (२०६७) को **नेपाली भाषा र साहित्य शिक्षण** नामक पुस्तक नेपाली भाषा साहित्य शिक्षणका लागि निकै उपयोगी मानिएको छ । जसमा भाषाका चारवटै सिप र विभिन्न विधा शिक्षणका बारेमा जानकारी दिइएको छ । जसअन्तर्गत लेखनकला सीपका कार्यकलापहरू चर्चा गर्ने क्रममा बुँदाटिपोट र बुँदाटिपोट शिक्षण गर्ने तरिकाका बारेमा उल्लेख गरिएको छ ।

## २.१.२शोधपत्रको समीक्षा

निरौला (२०६२) द्वारा तयार पारिएको**‘कक्षानौ पूरा गरेका विद्यार्थीहरूकोनिवन्ध लेखन क्षमताको अध्ययन’** नामक शीर्षकमाशोध भएको पाइन्छ । उक्त शोधमा निबन्धलेखन क्षमताको पहिचान गर्नु, सरकारी र निजी विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु, पहिलो भाषा नेपाली हुने र दोस्रो भाषा नेपाली हुने विद्यार्थीहरूकोनिबन्ध लेखन क्षमताको तुलना गर्नु, उनीहरूका कमीकमजोरी पत्ता लगाउनु र सुझाव दिनु जस्ता उद्देश्यहरू रहेका छन् ।क्षेत्रीय अध्ययन विधिमा आधारित रहीसम्पन्न गरिएको यसशोधपत्रमा निजी विद्यालयका तुलनामा सरकारी विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमता केही कमजोर रहेको निष्कर्ष निकालिएको छ ।

सापकोटा (२०६४) द्वारा **‘कक्षा नौ र दशका विद्यार्थीहरूको सारांश लेखन क्षमताको अध्ययन’** नामक शीर्षकमा शोधपत्र तयार पारिएको छ । उक्त शोधपत्रको उद्देश्य कक्षा नौ र

दशमा अध्ययनरत विद्यार्थीहरको सारांश लेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु कमीकमजोरीहरू पत्ता लगाई निराकरणको लागी सुझावहरू दिनु रहेका छन् । प्रस्तुत शोधमा क्षेत्रीय अध्ययन विधि अर्न्तगत रही काठमाडौं, भक्तपुर र ललितपुर जिल्लाका सामुदायिक र संस्थागत विद्यालयका माध्यमिक तहका विद्यार्थीहरूको सारांश लेखन क्षमताको तुलनात्मक अध्ययन गरिएको छ । उक्त अध्ययनमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको क्षमता उच्च रहेको समग्रमा विद्यार्थीहरूको सारांश लेखन क्षमता भिन्न रहेको निष्कर्ष निकालिएको छ । उक्त अध्ययन उद्देश्यगत व्यापकता, क्षेत्रगत भिन्नता, कक्षागत विशिष्टताले गर्दा प्रस्तुत शीर्षक भिन्न र विशिष्ट छ ।

पौडेल (२०६५) द्वारा **'नवलपरासी जिल्लाका कक्षा छ पूरा गरेका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन'**नामक शीर्षकमा शोधपत्र तयार पारिएको छ । प्रस्तुत शोधमा नवलपरासी जिल्लाका कक्षा छ पूरा गरेका विद्यार्थीहरको निवन्ध लेखन क्षमताको पहिचान गर्नु, सरकारी र निजी विद्यालयका विद्यार्थीहरूको निवन्ध लेखन क्षमताको तुलना गर्नु र भाषिक पृष्ठभूमिका आधारमा नेपाली पहिलो भाषी र दोस्रो भाषी विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको तुलना गर्नु जस्ता उद्देश्यहरू राखिएको पाइन्छ । उक्त शोधमा क्षेत्रीय अध्ययन विधिको प्रयोग गरिएकोपाइन्छ । यस अध्ययनबाट अनुसन्धानकर्ताले सरकारी विद्यालयको तुलनामा निजी विद्यालयका विद्यार्थीहरूको निबन्ध लेखन क्षमता स्तरीय र उच्च रहेको साथै भाषिक पृष्ठभूमिका आधारमा दोस्रो भाषीको तुलनामा नेपाली पहिलो भाषी विद्यार्थीहरूको निबन्ध लेखन क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको छ ।

खत्री (२०६६) द्वारा **'उच्च माध्यमिकतहकक्षाएघारमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन'** नामक शीर्षकमा शोधपत्र तयार पारिएको छ । उक्त शोधपत्रमा कक्षा एघारमा अध्ययनरत पहिलो भाषी नेपाली हुने र दोस्रो भाषी नेपाली हुने विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन गर्नु, लैङ्गिकताको आधारमा अनुच्छेद लेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु जस्ता उद्देश्यहरू रहेका छन् । उक्त शोधपत्रमा क्षेत्रीय अध्ययन विधि अपनाइएको छ । कक्षा एघारमा अध्ययनरत विद्यार्थीको अनुच्छेद लेखन क्षमता समग्र सिपगत आधारमा उच्च स्तरको देखिएको निष्कर्ष निकालिएको छ । यसमा छात्राहरूबढी लगनशील देखिएको चर्चा गर्दै छात्राहरू अनुच्छेद लेखनमा उच्च रहेको कुरा

प्रस्तुत गर्दै छात्राका तुलनामा छात्र विद्यार्थीले लेखनसिपमा बढी अभ्यास गर्नुपर्ने सुझावसहित निष्कर्ष प्रस्तुत गरिएको छ ।

त्रिताल (२०६६) द्वारा तयार पारिएको **'कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन'** नामक शीर्षकमा शोध भएको पाइन्छ । उक्त शोधपत्रमा कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखनक्षमताको तुलनात्मक अध्ययन गर्नु, सरकारी र निजी विद्यालयका विद्यार्थीहरूको अनुच्छेद लेखनक्षमताको तुलनात्मक अध्ययन गर्नु, भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी हुने रदोस्रो भाषा नेपाली हुनेविद्यार्थीहरूबीचको अनुच्छेद लेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु, जस्ता उद्देश्यहरू राखी गरिएको उक्त अध्ययन क्षेत्रीय अध्ययन विधिमा आधारित भई गरिएको छ ।प्रस्तुत शोधमा नेपाली मातृभाषी हुने र दोस्रो भाषा नेपाली हुने विद्यार्थीहरूको बीच तुलना गर्दा दोस्रो भाषा नेपाली हुने विद्यार्थीहरू मातृभाषिका तुलनामा अनुच्छेद लेखनमा केही कमजोर रहेको र सरकारी भन्दा निजी विद्यालयका विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमता उच्च रहेको निष्कर्ष निकालिएको छ ।

पोखरेल ( २०६७) द्वारा तयार पारिएको**'बाँके जिल्लाका कक्षा आठमाअध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन'**नामक शीर्षकमा शोध भएको पाइन्छ ।प्रस्तुत शोधपत्रमा बाँके जिल्लाका कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमता पहिचान गर्नु, भाषिक पृष्ठभूमि, लैङ्गिकता र विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु, तथा उक्त अध्ययनको क्रममा भेटिएका कमी कमजोरीहरू पहिचान गरी आवश्यक सल्लाह प्रदान गर्नु जस्ता उद्देश्यहरू राखेको पाइन्छ । अनुसन्धानमा अध्येताले क्षेत्रीय अध्ययन विधिलाई नै प्रमुख विधिको रूपमा प्रस्तुत गरेको पाइन्छ । समग्रमा बाँके जिल्लाका कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमता त्यति राम्रो नरहेको निष्कर्षनिकालिएको पाइन्छ ।

सापकोटा (२०६७) द्वारा **'काभ्रे जिल्लाका कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन'** नामक शीर्षकमा शोधपत्रतयार गरिएको पाइन्छ। उक्त शोधपत्रमा काभ्रे जिल्लाकासामुदायिक र संस्थागत गरी ५ वटा विद्यालयका ५० विद्यार्थीमा अनुच्छेद लेखन क्ष्मताको अध्ययन गरिएको छ । काभ्रे जिल्लाका कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन गर्नु, पहिलो मातृभाषी र दोस्रो मातृभाषी छात्र र छात्रा विद्यार्थीहरूबिचको अनुच्छेद लेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु जस्ता

उद्देश्यहरूरहेका छन् ।उक्त अध्ययन क्षेत्रीय अध्ययन विधिमा आधारित भई गरिएको छ । प्रस्तुत अध्ययनमा नेपाली मातृभाषी छात्रा र दोस्रो मातृभाषी छात्राबीच तुलनात्मक अध्ययन गर्दा दोस्रो मातृभाषी छात्राको तुलनामा मातृभाषी छात्राको अनुच्छेद लेखन उच्च रहेको निष्कर्षनिकालिएको छ ।

रावल (२०७०) द्वारा **'कैलाली जिल्लाका कक्षा दशमा अध्ययनरतविद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन'**नामक शीर्षकमा शोधपत्र तयार गरिएको छ । उक्त शोधपत्रमा कैलाली जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन गर्नु, सामुदायिकर संस्थागत विद्यालय,लैङ्गिक र भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तुलना गर्नु, विद्यार्थीहरूमा बुँदाटिपोट सम्बन्धी कमीकमजोरीहरूको पत्ता लगाई निराकरणका लागि आवश्यक सुझाव दिनु जस्ता उद्देश्यहरू रहेका छन् । यस अनुसन्धानमा क्षेत्रीय अध्ययन विधि अपनाइएको छ, सामुदायिक र संस्थागत विद्यालयको बुँदाटिपोट क्षमताको तुलना गरी हेर्दासंस्थागत विद्यालयको स्थिति राम्रो रहेको र छात्रभन्दा छात्राको बुँदाटिपोट क्षमता राम्रो रहेको निष्कर्ष निकालिएकोछ ।

शाही (२०७१) द्वारा **'जुम्ला जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन'** नामक शीर्षकमा शोधपत्र तयार पारिएको छ । यस शोधपत्रमा जुम्ला जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरको बुँदाटिपोट क्षमताको अध्ययन गर्नु ,विद्यालयको प्रकृति र लैङ्गिकताको आधारमा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तुलनात्मक अध्ययन गर्नु र विद्यार्थीहरूमा बुँदाटिपोट सम्बन्धी कमजोरीहरूको पत्ता लगाई निराकरणका लागि आवश्यक सुझाव समेत दिनुजस्ता उद्देश्यहरू रहेका छन् । उक्त उद्देश्यहरूपूरा गर्न सर्वेक्षणात्मक विधि अपनाइएको छ । सामुदायिक र संस्थागत विद्यालयको बुँदाटिपोट क्षमताको तुलना गरी हेर्दा सामुदायिक विद्यालयका स्थिति राम्रो रहेको र छात्राहरू भन्दा छात्रहरूको बुँदाटिपोट क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको छ ।

कोइराला (२०७३) द्वारा **'सिन्धुपाल्चोक जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरकोबुँदाटिपोट क्षमताको अध्ययन'** नामक शीर्षकमाशोधपत्र तयार पारिएको छ ।यस शोधपत्रमा सिन्धुपाल्चोक जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन गर्नु, सामुदायिक र संस्थागत विद्यालयका साथै लैङ्गिक आधारमा विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको तुलनात्मक अध्ययन गर्नु, विद्यार्थीहरूमा बुँदाटिपोट सम्बन्धीकमजोरीहरूको पत्ता लगाई निराकरणका लागि सुझावहरूदिनु जस्ता

उद्देश्यहरूरहेका छन् । चार वटा विद्यालयबाट जम्मा ४० जना विद्यार्थीहरूलाई छनोट गरिएकोयस शोधपत्रमाक्षेत्रीय अध्ययन विधि अपनाइएको छ । सामुदायिक र संस्थागत विद्यालयको बुँदाटिपोट क्षमताको तुलना गरी हेर्दा सामुदायिक विद्यालयको विद्यार्थीको बुँदाटिपोट क्षमता कमजोर रहेको र छात्रभन्दा छात्रा विद्यार्थीको बुँदाटिपोट क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको छ ।

यसरी लेखाइ सिपसम्बन्धी अन्य पक्षमा अध्ययन अनुसन्धान केही मात्रामा भएका तर बुँदाटिपोट सम्बन्धमा सम्बन्धित जिल्लामा भने हालसम्म अध्ययन नभएको हुँदा कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन शीर्षकमा गर्न लागिएको अध्ययन सान्दर्भिक रहन्छ ।

## २.२ पूर्व अध्ययनको महत्त्व

जुनसुकै कार्यलाईसफल र प्रभावकारी रूपमा अगाडि बढाउन त्यससँग सम्बन्धित पूर्वकार्यहरूको अध्ययनले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ । तसर्थ शोधकार्यलाई पनि चुस्त र दुरुस्त रूपमा अगाडि बढाउन त्यस कार्यसँग सम्बन्धित पूर्व अध्ययनको खाँचो पर्दछ ।पूर्व अध्ययनले नयाँ कार्यलाई सही दिशामा हिड्न सहयोग गर्दछ । पूर्व अध्ययनको महत्त्वलाई निम्न लिखित बुँदाद्वारा स्पष्ट पार्न सकिन्छ :

१) पूर्व अध्ययनको समीक्षाले समस्यालाई राम्ररी बुझ्न, विश्लेषण गर्न र शीर्षक चयन गर्नसहयोग गर्दछ ।

२) यो प्राक्कल्पना निर्माण गर्न, अनुसन्धानका उद्देश्यहरू निर्धारण गर्न र अनुसन्धान पद्धति निर्क्योल गर्न उपयोगी हुन्छ ।

३) यो अनुसन्धानलाई उपलब्धिमूलक बनाउन, नवीन धारण पहिल्याउन,नयाँ सिद्धान्तको खोजी गर्न उपयोगी हुन्छ ।

४) सम्बन्धित विषयको गहिरो अध्ययन गर्न, विश्वसनीय र वैध बनाउन उपयोगी हुन्छ ।

५) अुसन्धानको ढाँचा निर्धारण गर्न, उपयुक्त र अनुकूल उपकरणको छनोट गर्न उपयोगी हुन्छ ।

६)	पहिले भएका अध्ययनको विश्लेषण गर्न र भविष्यमा गर्न सकिने अनुसन्धानका क्षेत्र पत्तालगाउन यसको महत्त्व हुन्छ ।

## २.३ बुँदाटिपोटको सैद्धान्तिक परिचय

### २.३.१परिचय

कुनै पनि मौखिक वा लिखित अभिव्यक्तिलाई सुनेर वा पढेर त्यसभित्र रहेका मुलभूतकुराहरूलाई बुँदाका रूपमा टिपोट गर्नु बुँदाटिपोट हो । बुँदाटिपोट गर्ने कलाले कुनै पनि कृति वा रचनाको सारतत्वको पहिचान गर्न सक्ने सिप वा क्षमताको विकासमा सघाउ पुऱ्याउँछ ।त्यसैले यसलाई विस्तृत किसिमको अभिव्यक्तिलाई स्मरण गर्न सजिलो होस् भनेर त्यसको सारभूत कुरा ठम्याउने भाषिक सिपका रूपमा लिइन्छ ।

बुँदा भनेको कथन वा उद्धरणमा भएका मुख्य मुख्य भाव वा विचार हुन् भने टिपोट भनेको लेख्ने काम हो । यसकारण बुँदाटिपोट भनेको पनि पढेका,सुनेका वा सोचेका विषय वस्तुका मुख्य मुख्य भाव वा विचार पहिचानी तिनलाई बुँदामा रूपमा लेख्ने काम हो । बुँदाटिपोट अभिव्यक्तिका स्तरमा आउने कुनै पनि विषय वा कुराको क्रमबद्ध निचोड हो । अध्ययन तथा अभिव्यक्तिका क्रममा पढेका, सुनेका वा सोचेका विषयमा मूल मूल बुँदा चिनी तिनलाई स्मृतिमा अड्याउनकानिम्ति छरितो र छोटकरी किसिमले टिप्नु आवश्यक हुन्छ । यसरी सामान्यता कुनै पनि सोचाइ,अनुभव, कृति विषय वा सङ्कथनलाई बोधात्मक एकाइका रूपमा परिणत गर्ने नाम नै बुँदाटिपोट हो ।

लेखन सिपको विकासका लागि धेरै क्रियाकलपाहरू रहेको पाइन्छ । जसमध्ये बुँदाटिपोटलाई पनि लेखनकलाको विकासमा महत्त्वपूर्ण क्रियाकलापको रूपमा लिने गरिएको पाइन्छ । कुनै पनि लिखित वा मौखिक अभिव्यक्तिको मुख्य कुराहरूलाई नछुटाईकन बुँदागत रूपमा लेख्ने वा अभिव्यक्त गर्नु बुँदाटिपोट हो । बुँदाटिपोट भन्नाले कुनै पाठ वा गद्यांशमा दिइएको कुराहरूबाट मुख्य मुख्य कुराहरू ठम्याई तिनलाई बुँदागत रूपमा टिप्ने भन्ने बुझिन्छ । (भण्डारी पारसमणि र अन्य २०६५: १६२) यसरी मूलपाठलाई चार/पाँच बुँदामा सिलसिला मिलाएर उतार्न सक्नु नै भाषिक कलाको लेखाइ सिप हो ।

कक्षामा पढ्दा शिक्षकले बोलेका मुख्य मुख्य कुरा टिपोट गर्नु आवश्यक हुन्छ । यस्तो टिपोटले पछिसम्म सम्झना गर्न सहयोग मिल्दछ । आफै पनि कुनै पाठ,लेखरचना वा कृति

पढ्दा टिपोट गर्ने गरेमा विषयवस्तुको बोध गर्न तथा कृतिको स्वरूप पहिल्याउन सजिलो हुन्छ । अझ बुझेर पढ्ने कुशलता हासिल गरेपछि बुँदाटिपोट गर्ने सिपमा सहयोग मिल्दछ । यस प्रक्रियाद्वारा पढिएका कुरा ठिक प्रकारले बुझेर सारभूत बुँदा ठम्याई टिप्न सकिन्छ । त्यसले बोधात्मकता तथा सङ्क्षेपीकरण कौशललाई पनि सघाउँछ । यस प्रक्रियाले विश्लेषणात्मक र विवेचनात्मक शक्तिलाईबढाउने काम पनि गर्दछ । बुँदाटिपोटले आफै पनि मौखिक वा लिखित अभिव्यक्तिका लागि पूर्वचिन्तन तथा अध्ययन गरेर त्यसको खदिलो पूर्वाधार वा रूपरेखा बनाउन सघाउ पुऱ्याउँछ।

कुनै पनि कथन वा लिखितका मुख्य मुख्य कुरा पहिल्याएर सङ्ख्यात्मक रूपमा लेख्नु नै बुँदाटिपोट हो । यस्तो लेखनलाई बुँदात्मक लेखन पनि भनिन्छ । लेखाइ सिप विकासका लागि विभिन्न क्रियाकलापको महत्त्वपूर्ण भूमिका रहन्छ । बुँदाटिपोटलाई पनि लेखाइ सिपको महत्त्वपूर्ण क्रियाकलाप मानिन्छ । आफुले देखेका,जानेका,बुझेका भोगेका,पढेका विषयहरूलाई स्वतन्त्र अभिव्यक्तिका माध्यमबाट सिर्जना गरेर बुँदागत रूपमा लेख्नुलाई बुँदाटिपोट भनिन्छअर्थातबुँदाटिपोट भन्नाले कुनै पाठ वा विषय वस्तुमा केन्द्रित भई सत्य तथ्य कुराहरूलाई समेती बुँदागत रूपमा टिप्ने भन्ने बुझिन्छ ।

## २.३.२ परिभाषा

कुनै पनि विषय वा कुरालाई बुँदागत रूपमा लेख्नु नै बुँदाटिपोट हो । बुँदाटिपोट सिलसिलेवार, क्रमबद्ध, स्पष्ट र सङ्क्षिप्त हुनुपर्छ । बुँदाटिपोट सम्बन्धी केही परिभाषाहरू यसप्रकार छन् :

बुँदाटिपोट भनेको कुनै लामो लेख वा भनाइको सार खिचेर टिप्नु हो। (नेपाल देवी प्रसाद २०६९: १४३) ऐरावती प्रकाशन । मौखिक वा लिखित अभिव्यत्तिको बोधात्मक एकाइलाई बुँदा भनिन्छ , त्यही बोधात्मक एकाइको टिपोटलाइबुँदाटिपोट भनिन्छ । कुनै पनि कथन वा लिखितका मुख्य मुख्य कुरा पहिल्याएर सङ्ख्यात्मक रूपमा लेख्नु नै बुँदाटिपोट हो । (ज्ञवाली र ज्ञवाली, २०६५ : १५१) । कुनै पाठमा रहेको अर्थको मूल एकाइलाई बुँदाटिपोट भनिन्छ । यसले विशेष सूचना भएको पाठको महत्त्वपूर्णअंशलाई बुझाउँछ ।पाठमा रहेका सारपूर्ण बुँदाहरूलाई टिपोट गर्नु नै बुँदाटिपोट हो ।बुँदाटिपोटबाट बुझ्नलाई मद्धत पुग्छ साथै मूल कुरा ठम्याएर सिलसिलेवार रूपमा त्यसलाई सङ्क्षेपिकरण गर्न सकिन्छ ।या विस्तृत अभिव्यक्तिलाईसम्झनका लागि सार खिच्ने भाषिक सिप हो

(बराल र एटम २०६५ : १९५) । जसका माध्यमबाट मूल कुरालाई सिलसिलेवर रूपमा देखाइन्छ ।

यसरी बुँदाटिपोटको सम्बन्धमा विभिन्न विद्वान्हरूले विभिन्न दृष्टिकोणहरू व्यक्त गरेको पाईन्छ।बुँदाटिपोटमा सङ्कथनका मूलभूतसूचनाहरू समावेश हुनुपर्छ, साथै प्रमुख विषय वस्तु छुट्नु हुँदैन । बुँदाटिपोट एउटा कला हो । यस कलाको विकास भएपछि अर्थपूर्ण मौलिक जग निर्माणमा स्तरीयता ल्याउन सकिने कार्यको रूपमा लिइन्छ । यसरी लेखन कला सिपको विकासमा बुँदाटिपोटको महत्त्वपूर्ण भूमिका रहन्छ ।

## २.३.३ बुँदाटिपोटका विशेषताहरू

बुँदाटिपोटको विशेषतालाई बुँदागत रूपमा यसरी राखिएको छ :

१) बुँदामा सङ्क्षिप्ता हुनुपर्दछ ।

२) टिपिएको बुँदामा पूर्णता हुनुपर्दछ ।

३) बुँदामा स्पष्टता हुनुपर्दछ ।

४) बुँदामा क्रमबद्धता हुनुपर्दछ ।

५) बुँदामा मौलिकता हुनुहुपर्दछ ।

६) समाज शैलीको प्रयोग भएको हुनुपर्दछ ।

७) सोझो भनाइको प्रयोग भएको हुनुपर्दछ ।

८) एकल शब्दको प्रयोग हुनुपर्दछ ।

९) मितव्ययीता र गहनता हुनुपर्दछ ।

## २.३.४ बुँदाटिपोटको प्रयोजन

वर्तमान विश्व समुदायमा विज्ञान र प्रविधिले नयाँ फड्को मार्दै अगाडि बढेको हामी सबैमाविधितै छ । जसका प्रभावले मानिसलाई यान्त्रिक बनाउँदै आएको छ । मानिस दिन प्रतिदिन बेफुर्सदिलो बन्दै गएको छ । यस जटिल स्थितिमा आफूलाईगतिशिल तुल्याउन आवश्यक सबै कामहरू छिटो र छरितो हिसाबले सम्पादन गर्नुपर्दछ । जुनसुकै मानिसका आफ्ना विचार भावना र अनुभूति रहेका हुन्छन् । जसलाई सहज तरिकाले सम्पादन गरौ र युगान्तकारी चिनारी राखौँ भन्ने सोचाइ हुन्छ । यस्तो प्रक्रिया व्यवहारिकजीवनको लिखित वा मौखिक भाषिक अभिव्यक्तिका सन्दर्भमा लागू हुन्छ । यस प्रक्रिया अन्तर्गत लामा कुराहरू र कम महत्त्वपूर्ण कुराहरूलाई छोडेर दैनिक जीवनमा प्रयोग भैरहने अथवा

दीर्घकालीन प्रासङगिक र महत्त्वपूर्ण कुराहरूमा केन्द्रित रही तथ्यकुराहरू मात्र टिपोट गर्न सक्ने सिपहरूको आवश्यकता पर्दछ ।मितव्यायीताको यही सिप वा कौशल अभिवृद्धि गर्नुबुँदाटिपोटको प्रयोजन हो । मानिस समय र परिस्थिति अनुसारव्यस्त बन्दै गएको छ । यस्तो स्थितिमा कुनै पनि कामलाई छरितो रूपमा सम्पादन गर्नु पर्दछ । हरेक मानिसका आ आफ्नै विचार अनुभूति रहेका हुन्छन् । जसलाई संक्षिप्त, प्रभावकारी र दीर्घकालीन बनाउन तथ्य कुराहरूको टिपोट गर्नसक्ने सीपको आवश्यकता पर्दछ । यही सीपको विकास गर्नु नै बुँदाटिपोटको प्रयोजन हो ।

बुँदाटिपोटको विशेष प्रयोगको क्षेत्रहरूमा शिक्षा, सञ्चार, प्रशासन, कानुनका साथैदैनिक जिवनमा प्रयोग हुने कुराहरूलाई सहजताका साथ सम्पादन गर्ने आदि क्षेत्रहरू हुन् । यी क्षेत्रमा काम गर्दा वक्ता, श्रोता वा पाठक उपभोक्ता पदाधिकारी आदिको अभिरूचि र समयलाई हेरेर सम्बन्धित विषयका मूलभूत कुराहरूलाई समेट्दै कुनै पनि विषयको संक्षिप्त रूपमा बुँदाटिप्नु आवश्यक हुन्छ । उपयुक्त विशेष क्षेत्रमा प्रयोग हुने भाषामा बुँदाटिपोटको विकास गराउनु यसको मुख्य प्रयोजन हो ।

## २.३.५.बुँदाटिपोट गर्दा ध्यान दिनु पर्ने कुराहरू

कुनै रचना, पाठ वा अभिव्यक्तिमा रहेका सारतत्त्वयुक्त महत्त्वपूर्ण आधार अंशलाई बुँदा भनिन्छ । त्यही बुँदाहरूको टिपोट नै बुँदाटिपोट हो । यो एउटा कला हो । खास पढेका सुनेका र सोचेका सबै कुराहरूलाई लेख्न र स्मृतिमा राख्न नसकिने भएकाले त्यस्ता कुराहरूको मुख्य अंश पहिचान गरी बुँदागत रूपमा टिपेर अध्ययन गर्नु उचित हुन्छ । अथ( वायसमा शब्दहरूको भीडबाट सारभूत अंश पहिचान गरी टिप्ने काम गरिन्छ । बुँदाटिपोट गर्दा केही कुरामा ध्यान पुऱ्याउनुपर्ने हुन्छ । बुँदाटिपोटका लागि दिइएको पाठ वा अनुच्छेदलाई राम्ररी पढेर अभिप्राय नबुझ्नुन्जेल दोहोऱ्याई तेहऱ्याई पढिरहनु पर्दछ । बुँदाटिपोट मूलतः चार चरणमा सम्पन्न हुन्छ । पहिला पाठलाई पढ्ने त्यसपछि आधार अंशहरूमा रेखाङ्कन गर्ने अनि रेखाङ्कित अंशहरूको प्रत्येक महत्त्वपूर्ण कुराहरूलाई बुँदा बनाएर खेस्राको रूपमाटिपोट गर्ने र अन्त्यमा उपयुक्त खेस्राको उपयोग गरी क्रमबद्ध, सङ्क्षिप्त, न्युनतम र सङ्ख्यात्मक रूपमा बुँदा बनाई आवश्यक सुधार सहित साफिलेखन गर्नु पर्दछ ।

यसरी बुँदाटिपोट गर्दा पाठ वा अनुच्छेदलाई नबुझ्ने सम्म दोहोऱ्याई तेहेऱ्याई पढिरहने र पाठमा भएका महत्त्वपूर्ण आशय आउने बुँदाहरू ठम्याई तिनलाई रेखाङ्कन गर्ने, रेखाङ्कितबुँदाहरूलाई क्रमश खेस्राको रूपमा टिपोट गर्ने, कुनै मुख्य कुरा छुटेको छ कि छैन भनेर फेरी हेर्ने, सबै मुख्य बुँदाहरू टिपिसकेपछि ती बुँदाहरूलाई क्रमबद्ध, सङ्क्षिप्त रूपमा चार पाँच बुँदामा साफी गर्ने, बुँदा टिप्दा अधुरा वा पुरा शब्द,पदावली वा वाक्य जुनसुकै रूपमा टिपे पनि टिपेजति कुराहरू बुझिने खालका हुनुपर्ने र खेस्राकारूपमा टिपिएका बुँदाहरूमा अनुच्छेदकै वाँक्यहरू सारेर उतारिएको भए पनि साफि बुँदाटिपोटका वाक्य गठनमा मौलिकता समेत मिसाउनु पर्दछ ।

## २.४.६लेखाइ शिक्षणको आश्यकता र महत्त्व

मौखिक अभिव्यक्तिका तुलनामा लिखित अभिव्यक्तिमा सहजता,स्वाभाविकता र भावनाकुलताको अभाव भए पनि मान्छेका मनमा उठेका विचार, भावना र संवेगलाई सार्वजनिक गर्ने महत्त्वपूर्णविधि लिखित अभिव्यक्ति नै हो । लेखाइ विचार, अनुभव, भावना र ज्ञानको अभिव्यक्ति गर्ने माध्यम मात्र नभइ ती अनुभव र विचारलाई प्रचार प्रसार गर्ने माध्यम पनि हो । सामाजिक आवश्यकताको परिपूर्तिका लागि लिखित अभिव्यक्ति महत्त्वपूर्ण मानिन्छ । कार्यलयीय प्रयोजनको परिपूर्तिको प्रारम्भिक आधार (निवेदन) लिखित अभिव्यक्ति नै हो । मौखिक अभिव्यक्तिबाट कार्यलयीय काम कारवाही हुदैन । लेखाइ अभिव्यक्ति वैयक्तिक सन्तुष्टिको माध्यम पनि हो ।खास गरी यस्तो लेखन साहित्यिक लेखन सम्बन्धी बढी झुकाबराख्दछ । व्यक्तिगत साहित्य सिर्जनाका माध्यम बाट आफ्ना विचार भावनाहरू प्रचार प्रसार गर्न लेखन माध्यमको ठुलो भूमिका हुन्छ । अभिव्यक्तिमास्तरीयता, निखारता ल्याउन र सङ्क्षिप्तता दिने लिखित अभिव्यक्ति महत्पूर्ण माध्यम हो ।

गहन अध्ययन चिन्तन र खारिएका विचारको संरक्षण र प्रचार प्रसारको लागि लिखित अभिव्यक्ति आवश्यक हुन्छ । वस्तुतः जुनसुकै औपचारिकताका लागि पनि लेखन नै बढी आवश्यकता पर्दछ । लेखन शिक्षण सिकाइ प्रक्रियाको अत्यावश्यक अङ्ग हो । लेखाइकै माध्यम बाट कतिपय भाषिक तथा संज्ञानात्मक क्रियाकलापहरू सञ्चालन हुन्छन । प्रारम्भिक तह देखि माथिल्लो तहसम्म शैक्षिक मूल्याङ्कनको आधार भनेको लेखन सिपलाई लिने गरेको छ । लेखन सिप कमजोर हुँदा तह पूरा गर्न समस्या पर्दछ । त्यसैले विद्यार्थीहरूमा लेखन क्षमता बढाउँदै लैजानु वर्तमान आवश्यकता मानिन्छ । भाषिक सिप

सुनाइ, बोलाइ, पढाइ, लेखाइमध्ये लेखाइ सिप महत्त्वपूर्ण र परिपक्व रूप भएकाले यो आत्मामा रहेको मनका भावना व्यक्त गर्दै उल्लेख्य घटना तथा अन्य पक्षहरूलाई लिपिबद्ध गर्ने माध्यम हो र यसका लागि पनि बुँदाटिपोट लेखनले मलजल छर्ने कार्य गर्दछ ।

कुनै पनि विषयलाई छोटो र प्रभावकारी रूपमा दीर्घकालीन बनाउन बुँदाटिपोटको प्रयोग गरिन्छ । परीक्षाका दृष्टिले भने लिखित रूपमै बुँदाटिपोट गरिन्छ र विद्यार्थीको लेखन शैली विकासमा सघाउ पुऱ्याउँछ । समयको बचत गर्न अनावश्यक कुरा हटाउन र आवश्यक कुराहरू स्मरण गर्न खास गरी ठुला ठुला पाठबाट त्यसको निचोड वा निष्कर्ष निकाल्न र महत्त्वपूर्ण घटना छुट्याउन बुँदाटिपोटले ठुलो सहयोग गर्दछ । कुनै विषयका सन्दर्भमा स्वतन्त्र रूपले चिन्तन मनन गर्ने क्षमताको अभिवृद्धि गर्ने गर्दछ । कुनै लिखित वा मौखिक अभिव्यक्तिका मुख्य र गौण कुरा छुट्याउने सिप विकासमा टेवा पुऱ्याउँछ । आफैले पढेका, सुनेका र अनुभव गरेका कुरा सङ्क्षिप्त राख्न मद्दत गर्नुका साथै बुँदाटिपोट लेखनबाट कुनै पनि विषय शीर्षकका बारेमा सन्दर्भ नछुट्याइकन श्रृङखलाबद्धरूपमा छोटा तर पूर्ण अभिव्यक्ति दिने क्षमताको विकास गर्न सकिन्छ । लेख्ने गतिभन्दा बोल्ने गति तिब्र हुने हुँदा कुनै वक्ताले बोलेका सबै कुराटिप्न गाह्रो हुने भएकाले मुलभूत कुरा टिपेर पछि सबै कुरा सम्झन सजिलो बनाउन र आफैले कुनै लेख, रचना, पुस्तक आदिलेखन कार्यकालागि पूर्वयोजना बनाउन सकिन्छ ।

# अध्याय तिन

# अध्ययन विधि र प्रक्रिया

## ३.१ विषय प्रवेश

अनुसन्धानलाई उद्देश्यमूलक निष्कर्षमा पुऱ्याउन अपनाइने नमुना छनोट,तथ्याङ्क सङ्कलन र तथ्याङ्कको विश्लेषण गर्ने प्रक्रियाको समष्टिगत रूपरेखालाई अनुसन्धान पद्धति वा विधि भनिन्छ । अनुसन्धान पद्धति वा विधिले शोधलाई परिणाममुखी बनाउने विश्लेषणीय आधार दिन्छ । अनुसन्धानको क्रममा प्रयोग गरिने नमुना छनोट, तथ्याङ्क र तिनका स्रोतहरू तथ्याङ्को प्रक्रिया, यसको विश्लेषण र प्रस्तुतिजस्ता पक्षहरूको निर्धारण यसमा गरिएको हुन्छ । यो एउटा औपचारिक र जटिल कार्य पनि हो । यसको प्रक्रिया वैज्ञानिक हुन्छ र यसमा कुनै सिद्धान्तको खोजी गर्ने प्रयास गरिएको हुन्छ । यस अध्यायमा प्रस्तुत शोधपत्र तयार पार्दा अपनाइएको अनुसन्धान ढाँचा, अनुसन्धानका विषय, तथ्याङ्का स्रोतहरू, तथ्याङ्क सङ्कलन र यसको विश्लेषण, प्रक्रिया एवम् प्रस्तुतिकरण सम्बन्धी स्पष्ट पारिएको छ ।

## ३.२ अध्ययनको ढाँचा

पढ्ने, कुनै ज्ञानआर्जन गर्ने र वस्तुस्थितिको अवलोकन गर्ने जस्ता कामहरूलाई अध्ययन भनिन्छ,भने अनुसन्धानका लागि बनाइएको विस्तृत योजना लाई अनुसन्धानकोढाँचा भनिन्छ । योजना विना अनुसन्धान पूर्ण र सफल बन्न सक्दैन । अनुसन्धानको ढाँचामा अनुसन्धेय उद्देश्यहरू निर्माण गरिएका हुन्छन् ती उद्देश्यहरूपूरा गर्ने दृष्टिले योजना बनाइएको हुन्छ । अनुसन्धानमा आवश्यक पर्नेप्रश्नहरूकोउत्तरखोजिने गरिन्छ र तर्क पूर्ण व्यवस्थित र निर्दिष्ट योजना बनाइएकोहुन्छ।यस योजनामा तथ्याङ्क सङ्कलन, मापन र विश्लेषण, खास पद्धति निर्धारर्ण गर्ने काम अध्ययनको ढाँचामा तयार पारिन्छ ।

कुनै पनि अध्ययन अनुसन्धान गर्नका लागि खास खास विधिहरू अपनाइएको हुन्छ । यो प्रस्तावित अनुसन्धान कार्यलाई व्यवस्थित, वैज्ञानिक, सत्य तथ्य तवरले विश्लेषण गर्नका लागि जुन विधि तथा सिद्धान्तलाई आधार मानिन्छ ती नै विधिलाई अध्ययन विधि भनिन्छ । यस्ता विधि र सिद्धान्तका आधारमा अनुसन्धान कार्यमा लाग्दा सत्य तथ्य तथ

याङ्याकसँगैसफलता र सही निष्कर्ष प्रस्तुत गर्न सहयोग गर्दछ। अनुसन्धान आफैमा जटिल कार्य भएकाले औपचारिक वा खोज कार्य हो जस अनुरूप अध्ययनीय विषयसँग सम्बन्धित खास विधि वा उपायहरूसदुपयोग गरिएको हुन्छ। कुनै पनि अनुसन्धेय विषयवस्तुका बारेमा अध्ययन अनुसन्धान गर्दा उक्त कार्यको सुरु देखि अन्तयसम्म नै अपनाइने विभिन्न विधिहरू र सैद्धान्तिक नियमहरूलाई पूर्व योजना मुताविक व्यवस्थित गर्नु पर्दछ र त्यसपछि मात्र अनुसन्धान कार्य गर्नु उपयुक्त हुन्छ।

प्रस्तुत अनुसन्धान अध्ययनका क्रममा जनसङ्ख्या छनोट, प्रतिनिधि नमुना छनोट, तथ्याङ्क सङ्कलन, सङ्कलनका साधनहरू, सङ्कलित तथ्याङ्कको व्याख्या विश्लेषण तथा प्रस्तुतीकरणबाट अनुसन्धेय सामाग्रीको परीक्षण कार्यान्वयन गरिएको छ। क्षेत्रगत आधारमा प्युठान जिल्लामा रहेका सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको अध्ययन मार्फत क्षेत्रीय अध्ययन विधिलाई अगाडि बढाइएको छ। यस प्रकार अध्ययनलाई सार्थक निर्ष्कषमा पुऱ्याउन निम्नानुसारका विधि तथा सामाग्री सङ्कलन गर्ने कार्य गरिएको छ।

## ३.३जनसङ्ख्याको पहिचान

प्रस्तुत अनुसन्धानमाप्युठान जिल्लाका २०७४ सालमा कक्षा नौमा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरूलाई अध्ययनका लागि जनसङ्ख्याका रूपमा लिइएकोछ।

## ३.४ प्रतिनिधि नमुना छनोट

प्रस्तुत अध्ययन अनुसन्धानमा कक्षा नौका सम्पूर्ण विद्यार्थीहरूलाई जनसङ्ख्याको परिधिभित्र समावेश गराउन सम्भव नहुने भएकाले कक्षा नौका सम्पूर्ण विद्यार्थीहरूको प्रतिनिधित्व गर्ने किसिमले प्रतिनिधि नमुना छनोट गरिएको छ। जसमा प्युठान जिल्ला भित्रका दुई वटा सामुदायिक र दुई वटा संस्थागत क्षेत्रबाट सञ्चालित भएका माध्यमिक विद्यालय चयन गरिएको छ र प्रत्येक विद्यालयबाट छात्र र छात्रा समानरहने गरी २०/२० जना गरी जम्मा ८० जनाविद्यार्थीहरूलाई प्रतिनिधि नमुनाका रूपमा छनोट गरिएको छ।

## ३.५ तथ्याङ्कको स्रोत

अनुसन्धान कार्यलाई विश्वसनीय, वैध र प्रमाणिक, बनाउन प्रयोग गरिने तथ याङ्हरूवैज्ञानिक, व्यवस्थित र तथ्यपूर्ण ढङ्गले सङ्कलन गरिएकाहुन्छन्। कुनै पनि

अनुसन्धानको ढाँचा अनुरूप तथ्याङ्कका स्रोत निर्माण गर्नु पर्दछ । प्रस्तुत अध्ययनको प्रकृति विद्यार्थीको स्तर अनुरूपको तथ्याङ्क तयार गरिएको हुनुपर्छजसलेगर्दा लेखन सिप परीक्षण गरी तथ्य सङ्कलन गर्नु पर्ने भएकाले सोहीअनुरूपका तथ्याङ्कका स्रोतहरू निर्माण गर्नु आवश्यक ठानियो ।

### ३.५.१प्राथमिक स्रोत

प्रस्तुत शोधपत्रको तथ्याङ्क सङ्कलन गर्नका लागिप्राथमिक स्रोतका रूपमा कक्षा नौकोनेपाली किताबमा रहेको 'आङ् सान सुकी' शीर्षकको जीवनीबाट अनुच्छेद छनोट गरिएको प्रश्नलाई आधारमानी विद्यार्थीहरूले लेखेको उत्तर पुस्तिकालाईनै प्राथमिक स्रोतको आधारमा छनोट गरिएको छ ।

### ३.५.२ द्वितीयकस्रोत

यस अध्ययनको तथ्याङ्क सङ्कलनको द्वितीयक स्रोतका रूपमा सम्बन्धित विषयमा भएका शोधकार्यहरू, समाचारपत्रहरू,शोध पुस्तकहरूलाई लिइएको छ । त्यसै गरी सम्बन्धित विषयका सुझावहरूलाई पनि यस शोधपत्रले द्वितीयक स्रोतका रूपमा लिइएको छ ।

## ३.६ तथ्याङ्ककोव्याख्यारविश्लेषण

प्रस्तुत अध्ययनको शीर्षक लेखाइ सिप कला विकाससँग सम्बन्धित कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको बुँदाटिपोट क्षमता पहिचान गर्ने भएकोले सम्बन्धित विद्यालयका नेपाली विषय शिक्षक,अन्य शिक्षक तथा विद्यार्थीहरूमा सिधै सम्पर्क गरी परिणाम प्राप्त भएपछि प्रतिनिधिनमुना छनोट गरी सम्बन्धित विषय शीर्षकमा निर्धारित भएर विद्यार्थीहरूलाई निश्चित समय सीमामा निर्धारित अनुच्छेदबाट बुँदाहरू टिप्न प्रेरित गरिएको छ । निर्धारित समय सीमामा टिपिएका बुँदाहरूलाई उत्तरका रूपमा सङ्कलन गरी भाषिक शुद्धतामा५अङ्क, क्रमबद्धतामा ५ अङ्क मूलभाव (साफि लेखन) मा १० अङ्क, र मौलिकतामा ५ अङ्क गरी जम्मा २५ अङ्क निर्धारण गरिएको छ । त्यस्तै ७५% भन्दा माथि ल्याउने लाई उच्चतम, ६०-७४% ल्याउने लाई उच्च, ४५-५९% ल्याउने लाईमध्यम,३१-४४% ल्याउने लाई निम्न र ३०% सम्म ल्याउने लाई निम्नतम श्रेणीमा छुट्याइ विश्लेषण गरिएकोछ ।

यसरी उक्ततथ्याङ्क विश्लेषण र मूल्याङ्कनका लागि विभिन्न कुराहरूलाई आधार मानिएको छ ।समग्रताको आधारमा पनि विद्यार्थीहरूको बुँदाटिपोट क्षमताको अध्ययन गरिएको छ । विद्यालयको प्रकृतिको आधारमा सामुदायिक र संस्थागत विद्यालयको र लैङ्गिकताको आधारमा छात्र र छात्राको बुँदाटिपोट क्षमताको अध्ययन गरिएको छ । उक्त आधारमा विद्यार्थीहरूको प्राप्ताङ्कको प्रतिशत र मध्यमानका आधारमा बुँदाटिपोट क्षमताको व्याख्यार विश्लेषण गरिएको छ ।

# अध्याय चार

# व्याख्या र विश्लेषण

## ४.१ समग्र विद्यार्थीको बुँदाटिपोट क्षमताको पहिचान

प्रस्तुत अध्ययनमा प्युठान जिल्लाका कक्षा नौमा अध्ययनरत सामुदायिक र संस्थागत गरी २/२ वटा विद्यालयका २०/२० जनाका दरले ४ वटा विद्यालयका ८० जना विद्यार्थीहरूलाई बुँदाटिपोट क्षमताका आधारमा मध्यमान र प्रतिशतका आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गरिएको छ । मध्यमानका आधारमा मूल्याङ्कन गर्दा पाँच वटा श्रेणीमा विभाजन गरिएको छ । मध्यमानका आधारमा मूल्याङ्कन गर्दा मध्यमान भन्दा कम र मध्यमानभन्दा बढी अङ्क ल्याउने विद्यार्थी सङ्ख्या निकालिएको छ । यी आधारमा बुँदाटिपोट क्षमताको व्याख्या र विश्लेषण गरिएको छ । प्युठान जिल्लाका सामुदायिक र संस्थागत गरी चार वटा विद्यालयका कक्षा नौमा अध्ययनरत विद्यार्थीको बुँदाटिपोट क्षमताको स्थिति निम्नानुसार छः

### ४.१.१ प्रतिशतका आधारमा

**तालिका नं.१**

| विद्यार्थी सङ्ख्या | ०-३०अङ्क ल्याउने | | ३१-४४%अङ्क ल्याउने | | ४५-५९%अङ्क ल्याउने | | ६०-७४%अङ्क ल्याउने | | ७५% भन्दा माथि अङ्कल्याउने | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ८० | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| | २ | २.५% | ३२ | ४०% | २१ | २६.२५% | २० | २५% | ५ | ६.२५% |

माथि दिइएको तालिकामा प्युठान जिल्लाका सामुदायिक र संस्थागत गरी चार वटा विद्यालयका कक्षा नौमा अध्ययनरत ८० जना विद्यार्थीहरको दृष्टांश र अदृष्टांशका समग्रताको आधारमा बुँदाटिपोट क्षमताको प्रतिशताङ्क देखाइएको छ । जस अनुरूप निम्नतम अङ्क (०-३०%) ल्याउने विद्यार्थी सङ्ख्या २ जना र प्रतिशत २.५ रहेको छ । त्यस्तै निम्न अङ्क (३१-४४%) ल्याउने विद्यार्थी सङ्ख्या ३२ जना र प्रतिशत ४० रहेको छ भने मध्यम अङ्क (४५-५९%)ल्याउने विद्यार्थी सङ्ख्या २१ जना र प्रतिशत२६.२५ रहेको छ । त्यसै गरी उच्च अङ्क (६०-७४%) ल्याउने विद्यार्थी सङ्ख्या २० जना र प्रतिशत २५

रहेको छ । त्यस्तै उच्चतम अङ्क (७५% भन्दा माथि) ल्याउने विद्यार्थी सङ्ख्या ५ जना र प्रतिशत ६.२५ रहेको पाइएको छ ।

